**कामदार र रोजगारदाताहरूको लागि**




# तलब / ज्यालाको भुक्तानी डिजिटल /क्यासलेस गर्न मिल्छ ?




**जापानको श्रम मापदण्ड ऐन अनुसार सैद्धान्तिक रूपमा ज्याला नगदमा दिनुपर्ने भए पनि कामदारको सहमति मा  बैंक खातामा पारिश्रमिक हस्तान्तरण गर्न स्वीकृति दिइएको छ । क्यासलेस भुक्तानीको विस्तार र रेमिटेन्स विधिको विविधीकरणका आवश्यकताहरू पूरा गर्न, यदि कामदारहरू सहमत भएमा, केही पैसा रकम स्थानान्तरण प्रदायक को खातामा पनि पारिश्रमिक * भुक्तानीकोअनुमति दिइनेछ।**

*स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय ले तोकेको (जस्तै ... PAY ) रकम स्थानान्तरण प्रदायक मात्र स्वीकार हुने
तोकिएकोरकमस्थानान्तरण प्रदायक कोसूची कन्फर्म भए पछि स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेबसाइटमा पोस्ट गरिनेछ।

स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय को वेबसाइट

## भविष्यको प्रवृत्ति

| | |
|---|---|
| अप्रिल २०२३ ~ | तोकिएको रकम स्थानान्तरण प्रदायकले स्वास्थ्य, श्रम तथा कल्याण मंत्रालय लाई दर्ता को लागि आवेदन दिन्छन, र मंत्रालय द्वारा जाँच गरिन्छ (अझै केहि महिना लाग्ने अपेक्षा गरिएको छ) |
| स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय बाट पारित भए पछि ~ | प्रत्येक व्यापारिक साइटमा श्रम-व्यवस्थापन सम्झौताको निष्कर्ष |
| श्रम-व्यवस्थापन सम्झौता पारित भएपछि ~ | प्रत्येक कामदारहरूलाई डिजिटल / क्यसलेस भुक्तानी को बारेमा जानकारी गराई कामदारहरू सहमत भएमा पारिश्रमिकको डिजिटल भुक्तानी सुरु गर्ने। |

## ▶ ध्यान दिनुपर्ने कुरा

- नगदमा परिवर्तन गर्न नसकिने प्वाइन्ट भर्चुअल मुद्रामा पारिश्रमिक भुक्तानी गर्न मिल्दैन।
- डिजिटल भुक्तानी प्रणाली काम लगाउने र काम गर्ने दुवै पक्ष को लागि भुक्तानी र पारिश्रमिक प्राप्त गर्ने विकल्पहरू मध्ये एक हो। व्यापारिक प्रतिष्ठान ले डिजिटल भुक्तानी प्रणाली सुरु गर्दा सबै कामदारको पारिश्रमिक डिजिटल भुक्तानीमा गर्नु पर्ने र अहिले प्रयोग गरि रहेको सिस्टम परिवर्तन गर्नुपर्ने अवास्यक्ता छैन।
- यदि कामदारहरूले डिजिटल भुक्तानी चाहँदैनन् भने, बैंक खाता आदि मार्फत ज्याला भुक्तानी जारी राख्नु पर्छ रोजगारदाताहरूले अनिच्छुक कामदारहरूलाई उनीहरूको ज्याला डिजिटल रूपमा भुक्तानी गर्न बाध्य पार्नु हुँदैन। (यदि कामदार डिजिटल भुक्तानीमा सहमति छैन र रोजगार दाता ले डिजिटल भुक्तानीको लागि बाध्य पार्छ भने, श्रम ऐनको उल्लङ्घन हुने र दण्डको भागिदार हुन सक्छ।)
- तलबको केही अंश तोकिएको रकम स्थानान्तरण सेवाको खातामा र बाँकी रकम बैंक खातामा प्राप्त गर्न पनि सकिन्छ।

### इच्छा राख्ने कामदार हरु

तलब को आंशिक भाग
रकम स्थानान्तरण सेवा को खातामा
(उदाहरण: ५०,००० येन)

बाँकी तलब
बैंक खाता, आदि




### इच्छा नराख्ने कामदार हरु

पूरा तलब
बैंक खाता, आदि



# तपाईले डिजिटल रूपमा आफ्नो तलब प्राप्त गर्ने इच्छा हुँदा के जान्न आवश्यक छ।

### • तलब कसरी दिने भन्ने करारआवश्यक छ।

कार्यालय ले तलब डिजिटल भुक्तानी सुरु गर्नु पूर्व रोजगारदाता र कामदारबीच श्रम-व्यवस्थापन सम्झौता गर्न आवश्यक हुन्छ। त्यस बाहेक , नियुक्तले कामदारलाई निम्नलिखित कुराहरु बुझाइ कामदार सँग सहमति लिनु पर्छ।

### • प्राप्त हुने तलब रकम फिक्स गर्ने ।

भुक्तानीको लागि अपेक्षा गरेको रकम कन्फर्म गर्नुहोस। कोष स्थानान्तरण सेवा खाताहरू पैसा संचय गर्नको लागि नभएर भुक्तानी र रेमिटेन्सका लागि हो भन्ने बुझेर तपाईंले भुक्तानीको लागि अपेक्षा गरेको रकम यो खाता मा ट्रान्सफर गर्न सक्नु हुन्छ।

यस बाहेक भुक्तानी रकम प्रति दिनको अधिकतम निकासी रकम बराबर वा कम हुन जरुरी छ।

### • खाताको अधिकतम निकासी रकम सीमा 1,000,000 येन वा कम हुन्छ।

खाताको अधिकतम निकासी रकम सीमा 1,000,000 येन वा कम सेट गरिएको हुन्छ। निकासी रकम तोकिएको भन्दा बढी भएमा यो स्वचालित रूपमा तोकिएको बैंक खातामा फिर्ता हुनेछ। यस अवस्थामा लागेको बैंक चार्ज शुल्कको लागि तपाई जिम्मेवार हुन सक्नुहुनेछ , यसबारेमा तोकिएको रकम स्थानान्तरण सेवा कम्पनी सँग जानकारी लिनु होला ।

### • यो खाता मा रहेको ब्यालेन्स नगद गर्न पनि सकिन्छ। (महिनामा एउटा कारोवार को शुल्क लाग्ने छैन)

तपाईले एटीएम, बैंक खाता, आदि बाट पैसा जम्मा गरेर आफ्नो खाता बाट झिक्न सक्नुहुन्छ। कामदारहरूले तोकिएको कोष स्थानान्तरण सेवाको खाताबाट महिनामा कम्तीमा एक पटक बिना शुल्क रकम झिक्न सक्नेछन्। यो नियम अलग अलग स्थानान्तरण सेवा प्रदायक कम्पनि को निकासी विधि र नियम अनुसार फरक हुन सक्छ।

### • खाता ब्यालेन्स फिर्ता अवधि कम्तिमा १० वर्षको हुने छ।

यस खाताको अन्तिम जम्मा/निकासी मितिबाट कम्तिमा १० वर्ष सम्म खातामा भएको ब्यालेन्स अनुरोध गरि फिर्ता लिन सकिन्छ।

## ▶ आपतकालीन अवस्थामा

### • धोखा,छलीको लेनदेन (अज्ञात निकासीआदि) घटना घटेमा

खाता हाइज्याक इत्यादिको कारणले तोकिएको कोष स्थानान्तरण सेवा कम्पनी को खाताबाट अवैध रूपमा पैसा निकालिएको अवस्थामा , खाता मालिकको गल्ती नभएको खण्डमा क्षतिको पूर्ण रकम क्षतिपूर्ति दिइनेछ, तर कर्मचारीको लापरवाहीले गर्दा भएको दुर्घटना को ग्यारेन्टी भने व्यक्तिगत मामला मा निर्भर गर्दछ। क्षति भएको मिति बाट कम्तिमा ३० दिनको सूचना अवधि सेट गरिएको हुन्छ। धोखा छलीको लेनदेनको घटना थाहा भएमा तोकिएको कोष स्थानान्तरण सेवा कम्पनी लाईतुरून्त सम्पर्क गर्नुहोस।

### • यदि तपाइको सेवा प्रदायक कम्पनी दिवालिया भयो भने (टाट पल्टीएमा)

सेवाप्रदायक कम्पनी दिवालिया हुने सम्भावना एकदम थोरै हुन्छ तर पनि दिवालिया भयो भने ग्यारेन्टर संस्थाले भुक्तानी गर्नेछ।



मानवजीवनरभविष्यकोलागि
स्वास्थ्य, श्रम तथा
कल्याण मन्त्रालय